नेपाल सरकार

# अर्थ मन्त्रालय

(प्रशासन महाशाखा)

नेपाल सरकार अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-२०७९/८० (क.प्र.)
च. नं.:- १६८

मितिः २०७९/०४/३१

विषयः- निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री सबै सचिवालय/महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार।
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं।
श्री भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं।
श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन, ललितपुर।
श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नक्साल, काठमाडौं।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७९/०४/२० को पदाधिकारी बैठकको निर्णयको छाँयाप्रति पाना २(दुई) यसैसाथ संलग्न छ। उक्त निर्णय तहाँ र अन्तर्गत निकायमा कार्यान्वयन गर्ने/गराउने आवश्यक व्यवस्था गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ।

(मोहोदत्त अधिकारी)
शाखा अधिकृत

**बोधार्थः-**
श्री सूचना प्रविधि शाखा, अर्थ मन्त्रालयः- मन्त्रालयको वेवसाइटमा अपलोड गरिदिनुहुन।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

८५७
०४/२५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र

सिंहदरबार, काठमाडौं
नेपाल ।

अति जरुरी

प.सं.: ५०९/कार्य/१/०७९/८०
च.नं.: ८

मिति:२०७९/०४/२५गते।

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार।
श्री गृह मन्त्रालय, सिंहदरवार।
श्री अर्थ मन्त्रालय, सिंहदरवार।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरवार।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार
श्री उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, सिंहदरवार ।
श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय, सिंहदरवार ।
श्री संचार तथा सुचना प्रविधि मन्त्रालय, सिंहदरवार
श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरवार।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार ।
श्री भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार
श्री कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार ।
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ।
श्री खानेपानी मन्त्रालय, सिंहदरवार ।
श्री शहरी विकास मन्त्रालय, सिंहदरवार ।
श्री रक्षा मन्त्रालय, सिंहदरवार ।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार

प्रस्तुत विषयमा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७९/०४/२० गते बसेको पदाधिकारी बैठकले गरेका निर्णय कार्यान्वयनका लागि सो निर्णयको छायाकपि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(राजमणि दाहाल)
उपसचिव

## कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७९ साउन २० गते बसेको पदाधिकारी बैठकका निर्णयहरू

आजको बैठकमा कोभिड-१९ संक्रमणको पछिल्लो अवस्थाका बारेमा समीक्षा गरियो। बैठकले कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि देहाय अनुसारको निर्णय गरेको छ:-

१. कोभिड-१९ को संक्रमण रोक्न जनस्वास्थ्यका मापदण्डको पालना गर्न सबैलाई प्रेरित गर्ने। सिंहदरवार तथा भिड भाड हुने सरकारी निकायहरूमा मास्कको प्रयोग अनिवार्य गर्ने। मास्कको प्रयोगको अनुगमन गर्ने जिम्मेवारी सिंहदरवारभित्र गृह मन्त्रालयले र अन्य सरकारी निकायहरूमा सम्बन्धित निकायका प्रमुखले गर्ने गरी सम्बन्धित मन्त्रालयहरुमा पत्राचार गर्ने।

२. विदेशबाट नेपाल प्रवेश गर्ने यात्रुले भर्नुपर्ने सिसिएमसी फर्म अध्यागमन विभागबाट स्थगन गरिएको सूचना सबै एअरलाईन्सलाई उपलब्ध गराई यात्रुलाई सहज बनाउन समन्वयका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई उपलब्ध गराउन गृह मन्त्रालयमा पत्राचार गर्ने ।

३. कोभिड-१९ को संक्रमणबाट मृत्यू भएका र आइसियु तथा एचडियुमा रहेका विरामीहरू मध्ये प्राविधिक रूपले संभव हुने जतिको जीन सिक्वेनसिङ्ग गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्राचार गर्ने ।

४. होम आइसोलेसनमा बसेका संक्रमितहरूको अनुगमन तथा निगरानीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय गर्न पत्राचार गर्ने ।

५. निर्माण सम्पन्न भएका होल्डिङ्ग सेन्टरहरूको सञ्चालनका लागि तर्जुमा गरिएको सञ्चालन कार्यविधीको मस्यौदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई उपलब्ध गराउने।